## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीका प्रमुख-लाई बैतडी जिल्लाको अन्तशुल्क सम्बन्धी कार्य हेर्ने गरी तोकिएकोमा सोको सट्टा आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरका प्रमुखले बैतडी जिल्लाको अन्तःशुल्क सम्बन्धी काय हेर्ने गरी क्षेत्राधिकार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी खण्ड ५५, अतिरिक्तांक २५(ख), मिति २०६२ साउन १ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्राल-यको सूचनाको दफा ५ मा रहेको "रू. २०,०००।- (बीस हजार)" भन्ने शब्द र अङ्कहरूको सट्टा "रू. ३०,०००।- (तीस हजार)" भन्ने शब्द र अङ्कहरू राखेको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollows Foundation Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २४,४३८.४७ (चौबिस हजार चार सय अड्तीस, सेन्ट सतचालीस) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने मेडिकल सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी तिलिङ्गाटार उच्च माध्यमिक विद्यालय, काठमाडौंको लागि Nepal Hilfe Kulmbach, Germany बाट उपहार स्वरुप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदान गरिने यूरो २,८३०.०० (दुई हजार आठ सय तीस) मूल्य बराबरको शैक्षिक सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य कर, शुल्कहरू पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Room to Read नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमको लागि Microsoft Corporation, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १५,३१५.०० (पन्ध्र हजार तीन सय पन्ध्र) मूल्य बराबरको कम्प्यूटर सफ्टवेयर लाइसेन्स सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागको लागि Global Alliance For Vaccine and Immunologicals (GAVI), Denmark बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७४,२७१.६० (चौहत्तर हजार दुई सय एकहत्तर, सेन्ट साठी) तथा यूरो ६,०९७.४५ (छ हजार सन्तान्नब्बे, सेन्ट पैंतालिस) मूल्य बराबरको Fixed Needle र Safty Box हरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रहरीले संविधान सभा बैठक स्थल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरको सुरक्षार्थ खटिने नेपाल प्रहरीको सुरक्षा टोली बस्ने प्रयोजनको लागि अमेरिकी डलर २,५५,५००.०० (दुई लाख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३५

पचपन्न हजार पाँच सय) मूल्य बराबरको Pre-Fab House (Ablution Unit) आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी राजस्व तथा शुल्कछूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Handicap International नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनाको लागि Handicap Internation, Head Quarters, France बाट उपहार स्वरुप प्रदान गरिने यूरो १६,२१६,६६ (सोह्र हजार दुई सय सोह्र, सेन्ट छैसाठी) मूल्य बराबरको Orthopaedic Materials आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

१४०

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।